# नेपाल राष्ट्र बैंक

## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन १०६
पोष्ट बक्स: ७३
Email : fxmd_policy@nrb.org.np

पत्र संख्या: वि.नीति/सूचना/०८०/८१, च.नं. ७१

मिति: २०८१/०१/०४

श्री सम्पूर्ण सरोकारवाला व्यक्ति तथा निकायहरु ।

विषय: राय/सुझाव उपलब्ध गराइदिनु हुन ।

महाशय,

उपर्युक्त सम्बन्धमा यस बैंकले तयार गरेको **"अन्तरदेशीय भुक्तानी कारोबारका लागि Quick Response Code लगायतको प्रयोग गरी मोबाइल बैंकिङ्ग/इन्टरनेट बैंकिङ्ग तथा अन्तरबैंक भुक्तानीमार्फत गरिने Retail Payment सम्बन्धी व्यवस्था"** को मस्यौदा यसैसाथ संलग्न गरिएको व्यहोरा अनुरोध छ । संलग्न मस्यौदा उपर तहाँको राय, सुझाव, पृष्ठपोषण तथा प्रतिक्रिया मिति २०८१ जेठ ३ गतेभित्र यस विभागमा आइपुग्ने गरी उपलब्ध गराइदिनु हुन अनुरोध छ ।

भवदीय,

२०८१/०१/०५

(तुलसी प्रसाद घिमिरे)
कार्यकारी निर्देशक

# अन्तरदेशीय भुक्तानी कारोबारका लागि Quick Response Code लगायतको प्रयोग गरी मोबाइल बैंकिङ्ग/इन्टरनेट बैंकिङ्ग तथा अन्तरबैंक भुक्तानीमार्फत गरिने Retail Payment सम्बन्धी व्यवस्था

Draft for Consultation

**नेपाल राष्ट्र बैंक**

केन्द्रीय कार्यालय

**२०८१ वैशाख**

## (क) विषय प्रवेश

१. अन्तर्राष्ट्रिय प्रचलन तथा अन्तर्राष्ट्रिय रुपमा भुक्तानी प्रणालीको विकासक्रम समेतलाई दृष्टिगत गर्दा नेपालमा विदेशी मुद्रा प्राप्त हुने गरी तथा नेपालबाट विदेशी मुद्रा भुक्तानी हुने गरी अन्तरदेशीय भुक्तानी कारोबारसम्बन्धी प्रक्रियाहरू अघि बढेका छन् ।

२. नेपाल राष्ट्र बैंक, इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्रप्राप्त अन्य निकायहरुबाट विभिन्न भुक्तानीका उपकरणहरुमार्फत नेपालबाट विदेशमा भुक्तानी गर्न तथा विदेशबाट नेपालमा भुक्तानी प्राप्त गर्न सकिने व्यवस्था रहेको छ । अन्तरदेशीय भुक्तानीका केही उपकरणहरुमा रकमसम्बन्धी सीमा समेत विद्यमान रहेको छ । अन्तरदेशीय Wholesale Payment बैंक तथा वित्तीय संस्थामार्फत प्रमुखत: विद्युतीय माध्यमबाट हुँदै आएकोमा पछिल्लो समय अन्तरदेशीय Retail Payment मा समेत विद्युतीय भुक्तानीका उपकरणहरुको प्रयोग बढ्दै गएको देखिन्छ । यस्तो विद्युतीय भुक्तानीमध्ये विशेषगरी Quick Response Code मार्फत हुने विद्युतीय भुक्तानीको प्रयोग अन्तर्राष्ट्रिय रुपमा बढ्दै गएको हुँदा Quick Response Code को माध्यमबाट हुने अन्तरदेशीय Retail Payment कारोबार सम्बन्धमा थप स्पष्ट व्यवस्था गर्न वाञ्छनीय देखिएकोछ ।

३. नेपालको आफ्नै Domestic Card Scheme र पूर्णरुपको National Payment Switch स्थापना हुने क्रममा रहेकाले विद्युतीय कारोबारको Acquiring र Issuing सम्बन्धमा यस Consultative Document मा उल्लिखित प्रस्तावित व्यवस्थाले कारोबारको सेटलमेण्ट सम्बन्धमा सरोकारवालाहरुलाई थप स्पष्ट हुने वातावरण बन्ने अपेक्षा गरिएको छ ।

४. यस Consultative Document मा उल्लिखित प्रस्तावित व्यवस्थाबाट सरोकारवालाहरुले अन्तर्राष्ट्रिय स्तरको विद्युतीय भुक्तानी सेवा सर्वसुलभ मूल्य (शुल्क) मा प्राप्त गर्ने अपेक्षा समेत गरिएको छ ।

## (ख) विद्यमान व्यवस्था एवम् काम-कारबाही

५. विद्युतीय भुक्तानी तथा विद्युतीय उपकरणकासन्दर्भमा भुक्तानी तथा फछ्र्यौट विनियमावली (पहिलो संशोधन, २०८०), २०७७ को विनियम २५ (भुक्तानीका उपकरणको प्रयोग) मा देहायबमोजिमको व्यवस्था रहेको छ ।

*(१) ऐनको दफा ३१ बमोजिमका भुक्तानीका उपकरणको प्रयोग गर्दा भुक्तानी उपकरण मार्फत गरिने कारोवारको सीमा बैंकले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।*

*(२) भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थाले न्यूनतम सुरक्षा तथा गोपनीयताका सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्ड सम्बन्धी प्रचलित व्यवस्थाको पालना गर्नुपर्नेछ ।*

*(३) भुक्तानी उपकरण जारी गर्ने संस्थाले देहाय बमोजिमका प्रक्रिया पूरा गर्नुपर्नेछ :-*

*(क) भुक्तानी उपकरणबाट सेवा सञ्चालन गर्नु पूर्व सो सम्बन्धी नीतिगत व्यवस्था गरी सञ्चालक समितिबाट स्वीकृत गर्नुपर्ने,*

*(ख) सेवा सञ्चालन गर्नु पूर्व सञ्चालक समितिको निर्णय र आवश्यक कागजात सहित स्वीकृतिको लागि बैंकमा पेश गर्नुपर्ने,*

*(ग) सेवा सञ्चालन गर्नु पूर्व आफ्ना ग्राहकसँग गरिने सम्झौता तथा शर्त सम्बन्धी विवरण बैंकमा पेश गर्नुपर्ने,*

*(घ) बाह्य सेवा परिचालन (आउटसोर्सिङ) मार्फत सेवा सञ्चालन गर्ने भएमा संस्थाले निर्धारण गरेका मापदण्डका आधारमा प्रतिनिधि छनौट गरी द्विपक्षीय सम्झौताको कागजात समेत बैंकमा पेश गर्नुपर्ने,*

Draft for Consultation

*(ङ) ग्राहकलाई सेवा प्रयोग गर्दा हुन सक्ने सम्भावित जोखिम, जोखिम न्यूनीकरण तथा सुरक्षाका उपाय, सेवा प्रयोग गर्ने विधि, सेवा शुल्क आदिको बारेमा जानकारी गराउनु पर्ने,*

*(च) भुक्तानीका उपकरणहरूबाट हुने भुक्तानी कारोवारलाई पूर्ण रुपले सुरक्षित हुने व्यवस्था गर्नुपर्ने ।*

६. **विदेशी विनिमय व्यवस्थापन विभागबाट जारी भएको एकीकृत परिपत्र-२०८० मा देहायबमोजिमका व्यवस्थाहरू रहेको :**

**एकीकृत इ.प्रा. परिपत्रः ७/२०८०,** "विदेशी मुद्रा सटही सम्बन्धी व्यवस्था" को दफा १ (ज) मा सटही सुविधा उपलब्ध हुने उपकरणहरुमा **नगद, डेविट कार्ड, क्रेडिट कार्ड, प्रिपेड कार्ड, ड्राफ्ट, आदि जस्ता उपयुक्त बैंकिङ्ग उपकरण** उल्लेख भएको ।

**एकीकृत इ.प्रा. परिपत्रः ७/२०८० को दफा १७ को उपदफा ३:**

*नेपालमा कार्यरत भारतीय नागरिकले नेपाली वाणिज्य बैंक तथा राष्ट्रियस्तरका विकास बैंकमा खोलेको बैंकखाता आवद्ध विद्युतीय बैंकिङ्ग (इ-बैंकिङ्ग), अन्तरबैंक भुक्तानी, मोबाइल बैंकिङ्ग, Quick Response Code मार्फत राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch) को माध्यमबाट भारतीय बैंक तथा वित्तीय संस्थामा खोलिएको व्यक्तिगत खातामा प्रति दिन भा.रु. १५,०००/- र प्रति महिना भा.रु. १००,०००/- जम्मा हुने गरी पारिश्रमिक बापतको सटही सुविधा (Personal Payment/P-to-P Transfers) प्रदान गर्न सकिनेछ । तर, यस्तो सटही सुविधामा उपदफा १ र २ मा उल्लिखित सीमा समेत लागू हुने गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थाले व्यवस्था मिलाउनु पर्नेछ ।*

**एकीकृत इ.प्रा. परिपत्रः २४/२०८० मा दफा १३:**

*भारतबाट नेपालमा विप्रेषण भित्र्याउने प्रयोजनको लागि नेपाल राष्ट्र बैंक र भारतीय रिजर्व बैंकले व्यवस्था गरेको "Indo-Nepal Remittance Facility Scheme" को अतिरिक्त नेपाली नागरिकले भारतीय बैंक तथा वित्तीय संस्थामा खोलेको बैंक खाता आवद्ध विद्युतीय बैंकिङ्ग (इ-बैंकिङ्ग), अन्तरबैंक भुक्तानी, मोबाइल बैंकिङ्ग, Quick Response Code मार्फत राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch) को माध्यमबाट नेपाली वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका विकास बैंकमा खोलिएको व्यक्तिगत खातामा प्राप्त हुने गरी विप्रेषण रकम (Personal Payment/P-to-P Transfers) भित्र्याउन सकिनेछ ।*

**एकीकृत इ.प्रा. परिपत्रः २८/२०८० मा दफा ७:**

*नेपाली व्यवसायीहरुले वस्तु तथा सेवा बिक्री गरेबापतको परिवर्त्य विदेशी मुद्रा नेपाली वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका विकास बैंकमा खोलिएको खातामा प्राप्त हुने गरी (Merchant Payments) विदेशमा जारी भएका Quick Response Code मार्फत राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch) को माध्यमबाट स्वीकार (Acquire) गर्न सकिनेछ । यस्तो कारोबारमा निहित रहने सम्पूर्ण जोखिमहरु र सोका निराकरण/न्यूनीकरणका उपायहरु सम्बन्धित वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका विकास बैंक आफैंले विश्लेषण तथा व्यवस्थापन गर्नु पर्नेछ ।*

**एकीकृत इ.प्रा. परिपत्रः २८/२०८० मा दफा ८:**

*यस एकीकृत परिपत्र-२०८० को एकीकृत इ.प्रा. परिपत्रः ७/२०८० को दफा १ र २ मा उल्लिखित परिवर्त्य विदेशी मुद्राको सटही सुविधा नेपाली वाणिज्य बैंक तथा राष्ट्रियस्तरका विकास बैंकमा खोलिएको बैंक खातामा आवद्ध Quick Response Code मार्फत राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch) को माध्यमबाट विदेशमा भुक्तानी हुन सक्ने गरी प्रदान गर्न सकिनेछ ।*

७. नेपाल-भारतबीच अन्तरदेशीय विद्युतीय भुक्तानी (Personal Payments र Merchant Payments) को अन्तरआवद्धताको लागि National Payments Corporation of India (NPCI) को शतप्रतिशत शेयर स्वामित्व भएको संस्था NPCI International Payment Limited (NIPL) र Nepal Clearing House Limited (NCHL) बीच १ जुन २०२३ मा Memorandum of Understanding आदान प्रदान भएको । NIPL को Unified Payments Interface र NCHL को National Payments Interface बीचको अन्तरआवद्धतालाई सहजीकरण गर्ने सम्बन्धमा दुवै देशका केन्द्रीय बैंकहरु समेत रहने नियामकीय संरचना गठन भएको । उक्त संरचनाको Terms of Reference तारिख १५ फेब्रुवरी

Draft for Consultation

२०२४ मा आदान प्रदान भई सोही बमोजिम संरचनाले आफ्नो काम-कारबाही अगाडि बढाउँदै आएको छ ।

**८.** विप्रेषणसम्बन्धी करोबारको लागि "नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०७९ (पहिलो संशोधन समेत)" विद्यमान रहेको र सोका व्यवस्थाहरु पालना हुने गरी नेपालमा विप्रेषण भित्र्याउन सकिने व्यवस्था रहेको छ। साथै, एकीकृत परिपत्र-२०८० को इ.प्रा. परिपत्र : २४/२०८० मा समेत विप्रेषण कारोबार सम्बन्धी व्यवस्था गरिएको छ ।

## (ग) प्रस्तावित व्यवस्था

**९.** प्रचलित विदेशी विनिमयको कारोबार सम्बन्धमा भारतीय रुपैयाँ र परिवर्त्य विदेशी मुद्राका लागि फरक-फरक व्यवस्थाहरु विद्यमान रहेको हुँदा सोही बमोजिम अन्तरदेशीय भुक्तानी कारोबारका लागि Quick Response Code लगायतको प्रयोग गरी मोबाइल बैंकिङ्ग/इन्टरनेट बैंकिङ्ग तथा अन्तरबैंक भुक्तानीमार्फत गरिने Retail Payment सम्बन्धमा समेत नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागबाट फरक व्यवस्था कायमै रहनेछ ।

**१०.** विदेशी विनिमयको कारोबार गर्न इजाजतपत्रप्राप्त निकायहरु तथा भुक्तानी सम्बन्धी कारोबार गर्न अनुमतिप्राप्त संस्थामार्फत हुने अन्तरदेशीय कारोबारको नियमित विवरण बैंकको विदेशी विनिमय व्यवस्थापन विभाग र भुक्तानी प्रणाली विभागमा पेश गर्नुपर्ने व्यवस्था मिलाइने छ ।

**११.** कार्ड बाहेकको विद्युतीय भुक्तानी कारोबारको लागि सन् २०२१ नोभेम्बरदेखि राष्ट्रिय भुक्तानी स्वीच अन्तर्गत Retail Payment Switch पूर्णरुपमा सञ्चालनमा आइसकेको हुँदा Quick Response Code मार्फत हुने सम्पूर्ण अन्तरदेशीय Retail Payment कारोबारहरु (Acquiring and Issuing) अनिवार्य रुपमा राष्ट्रिय भुक्तानी स्वीचमार्फत हुने व्यवस्था गरिनेछ। हाल आ-आफ्नो स्वीच प्रयोग गरिरहेका भुक्तानी प्रणाली संचालक (PSO) वा बैंक तथा वित्तीय संस्थालाई उपयुक्त समय उपलब्ध गराई यो व्यवस्थामा सरिक हुन प्रोत्साहित गरिनेछ। यस प्रयोजनको लागि त्यस्ता भुक्तानी प्रणाली संचालक (PSO) वा बैंक तथा वित्तीय संस्थाले निश्चित अवधिभित्र अन्तरदेशीय कारोबारको लागि राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch, NPS) मार्फत परिचालन (Route) गर्नेसम्बन्धी आफ्नो योजना नयाँ व्यवस्था लागु भएको ३ महिनाभित्र नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागमा पेश गर्नुपर्नेछ ।

**१२.** अन्तरदेशीय भुक्तानी कारोबारका लागि Quick Response Code लगायतको प्रयोग गरी मोबाइल बैंकिङ्ग/इन्टरनेट बैंकिङ्ग तथा अन्तरबैंक भुक्तानीमार्फत गरिने Retail Payment मासर्वसाधारण ग्राहकलाई लाग्ने सेवा शुल्क बजार संरचनाबाटै निर्धारण हुने गरी हाललाई खुला राखिनेछ। यद्यपि, आवश्यकतानुसार सेवा शुल्कमा यस बैंकबाट समेत नियमन गर्न सकिनेछ ।

**१३.** अन्तरदेशीय भुक्तानी कारोबारका लागि Quick Response Code लगायतको प्रयोग गरी मोबाइल बैंकिङ्ग/इन्टरनेट बैंकिङ्ग तथा अन्तरबैंक भुक्तानीमार्फत नेपालमा Acquiring गरिने Retail Payment को रकमसम्बन्धी सीमाको हकमा त्यस्तो उपकरण जारी गर्ने सम्बन्धित देशले नै आवश्यकतानुसार रकमको सीमा समेत निर्धारण गर्न सक्ने हुँदा तथा यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट जारी भएको एकीकृत परिपत्र-२०८० को एकीकृत इ.प्रा. परिपत्रः २७/२०८०, "सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण (AML/CFT) सम्बन्धी व्यवस्था"

Draft for Consultation

पालना हुने गरी हाललाई यसरी भित्रिने रकम सम्बन्धमा यस बैंकबाट कुनै सीमा कायम गरिने छैन । यद्यपि, आवश्कतानुसार त्यस्तो रकम तथा सीमा यस बैंकबाट नियमनगर्न सकिनेछ ।

**१४.** अन्तरदेशीय भुक्तानी कारोबारका लागि Quick Response Code लगायतको प्रयोग गरी मोबाइल बैंकिङ्ग/इन्टरनेट बैंकिङ्ग तथा अन्तरबैंक भुक्तानीमार्फत नेपालबाट Issuing गरिने Retail Payment को रकमसम्बन्धी सीमाको हकमा यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट व्यवस्था भएको विद्यमान विद्युतीय कार्डबाट भुक्तानी गर्दा कायम रहेको देहायबमोजिमको रकमसम्बन्धी सीमा कायम गरिने छ । उक्त सीमामा थपघट गर्नुपरेमा नेपाल राष्ट्र बैंक (विदेशी विनिमय व्यवस्थापन विभागमार्फत) बाट निर्णय भएबमोजिम हुनेछ ।

(क) भारतमा भुक्तानी गर्दा एकै पटक वा पटक पटक गरी प्रति महिना भा.रु. १,००,००० सम्म । तर, होटल, हस्पिटल (हस्पिटल र रिसर्च सेन्टर लगायत समेत) र औषधि पसलमा गरिने भुक्तानीको हकमा सीमा लागू हुने छैन ।

(ख) परिवर्त्य विदेशी मुद्रामा भुक्तानी हुने हकमा विद्यमान प्रयोजन अनुसारको सटही सुविधाको सीमासम्म (उदाहरण: परिवर्त्य विदेशी मुद्राको खाता हुनेको हकमा नेपालभित्रै बसी नेपालमै उपभोग गर्ने उद्देश्यले वार्षिक अमेरिकी डलर २,००० सम्म विदेशी वस्तु तथा सेवा अनलाइनमार्फत विदेशबाट खरिद गर्ने, बैंक तथा वित्तीय संस्थामा रहेको नेपाली रुपैयाँ मौज्दातलाई सटही गरी अनलाइनमार्फत विदेशबाट वस्तु तथा सेवा खरिद बापतको भुक्तानीको लागि वार्षिक अमेरिकी डलर ५०० आदि) ।

**१५.** Nepal Clearing House Limited (NCHL) र NPCI International Payment Limited (NIPL) बीच भएको Memorandum of Understanding तथा यस बैंक र भारतीय रिजर्ब बैंकबीचको नियामकीय संरचना अनुसार नेपाल र भारतबीच अन्तरदेशीय विद्युतीय कारोबारको पहिलो चरणमा Personal Payment (P-to-P Transfers) र दोस्रो चरणमा Merchant Payment (P-to-M Transfers) सम्बन्धी अन्तरआवद्धता गरिने व्यवस्था भएकोमा यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट मिति २०८०/१२/०२ मा Personal Payment (P-to-P Transfers) कारोबार गर्न सकिने गरी व्यवस्था भइसकेको छ । त्यस्तो कारोबार सञ्चालन (Go Live) भएपश्चात् सम्बन्धित संस्थाहरुको कार्य प्रगतिअनुसार Merchant Payment (P-to-M Transfers) कारोबार समेत गर्न सकिने व्यवस्था गरिनेछ ।

**१६.** भारतबाट नेपालमा Quick Response Code मार्फत भारतीय रुपैयाँ भित्रिन सक्ने (Acquiring) गरी Merchant Payment (P-to-M Transfers) कारोबार गर्न यस बैंकको भुक्तानी प्रणाली विभागबाट स्वीकृति प्राप्त गर्ने भुक्तानी सम्बन्धी कारोबार गर्न यस बैंकबाट अनुमति प्राप्त संस्थाले त्यस्तो कारोबार पूर्ववत रुपमा सञ्चालन गर्न सक्नेछ् । तथापि, त्यस्तो संस्थाले राष्ट्रिय भुक्तानी स्वीच (National Payment Switch, NPS) मार्फत कारोबार परिचालन (Route) गर्ने सम्बन्धमा बुँदा नं. ११ को व्यवस्था पालना गर्नु पर्नेछ ।

**१७.** यस बैंकबाट भुक्तानी सम्बन्धी कारोबार गर्न अनुमतिप्राप्त संस्थाहरुले भुक्तानी सम्बन्धी कारोबार गर्ने विदेशी संस्थाहरुसँग आवद्ध भई अन्तरदेशीय Retail Payment कारोबार गर्दा देहायबमोजिमका प्रक्रिया अवलम्बन गर्ने व्यवस्था हुनेछ ।

Draft for Consultation

(१) यस बैंकबाट भुक्तानी सम्बन्धी कारोबार गर्न अनुमतिप्राप्त संस्थाहरुले भुक्तानी सम्बन्धी कारोबार गर्ने विदेशी संस्थासँग गर्ने Mobile Banking, Quick Response Code लगायत Retail Payment उपकरणहरूको प्रयोग र integration सम्बन्धमा **प्रारम्भिक छलफल (Preliminary Discussion)** को लागि यस बैंकको स्वीकृति आवश्यक पर्ने छैन । तर, यस बैंकको भुक्तानी प्रणाली विभागलाई सो विषयको **पूर्व जानकारी लिखित रूपमा** गराउनु पर्नेछ ।

(२) अनुमतिप्राप्त संस्थाहरुले मोबाइल बैंकिङ, Quick Response Code Payment लगायत Retail Payment को integration को लागि विदेशी संस्थासँग **समझदारी पत्र (Memorandum of Understanding)** गर्नको लागि यस बैंकको भुक्तानी प्रणाली विभागसँग **पूर्व सहमति (No Objection Letter)** लिनु पर्नेछ । यस्तो पूर्वसहमति माग गर्दा दुवै तर्फको भुक्तानी प्रणाली संचालक (PSO) संस्थाहरूको Profile, Interfaces, Configurations, कारोबार गरिने rule सम्बन्धी व्यवस्था, Fee Sharing, Proposed Settlement Mechanism आदि विषयमा हुने समझदारीको विवरण पेश गर्नुपर्नेछ ।

(३) अनुमतिप्राप्त संस्थाहरुले विदेशी संस्थासँग आवद्ध भई मोबाइल बैंकिङ, Quick Response Code लगायतका Retail Payment उपकरण प्रयोग गरी आफ्नो प्रणालीलाई अन्तरदेशीय प्रणालीसँग integration गरी गरिने अन्तरदेशीय कारोबार सञ्चालनको लागि **मुख्य सम्झौता (Main/Principal Agreement)** को **स्वीकृति** यस बैंकको भुक्तानी प्रणाली विभागसँग लिनु पर्नेछ । त्यस्तो स्वीकृतिको लागि निवेदन पेश गर्दा प्रचलित विदेशी विनिमय र भुक्तानी प्रणाली सम्बन्धी सम्पूर्ण व्यवस्थाहरु पालना हुने व्यहोरा र भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा १४(२) मा उल्लिखित विषय, सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कार्यमा वित्तीय लगानी निवारण, साइबर सुरक्षा लगायतका विषय समेत समावेश हुनु पर्नेछ ।

(४) अन्तरदेशीय Retail Payment कारोबार गर्न सकिने मुलुक, विदेशी मुद्रा, भुक्तानीका उपकरण, रकमको सीमा, विदेशी विनिमय कारोबारको प्रयोजन (उदाहरणः राहदानी बापतको सटही सुविधा, औपचारिक भ्रमण, औषधोपचार, निर्वाह खर्च आदि) लगायतका विषय सम्बन्धमा यस बैंकको विदेशी विनिमय व्यवस्थापन विभागबाट समय समयमा हुने नीतिगत व्यवस्थाबमोजिम हुनेछ ।

## (घ) राय, सुझाव, पृष्ठपोषण र प्रतिक्रिया

**१८.** प्रस्तावित व्यवस्था लगायत अन्तरदेशीय भुक्तानी कारोबार सम्बन्धमा सबै सरोकारवाला व्यक्ति र निकायहरुसँग आवश्यक राय, सुझाव, पृष्ठपोषण र प्रतिक्रिया लिने निर्णय भएको हुँदा सोही बमोजिम यस मस्यौदाउपर राय, सुझाव, पृष्ठपोषण तथा प्रतिक्रिया तपसिलमा उल्लेख भएबमोजिमको ठेगानामा उपलब्ध गराउनु हुन अनुरोध छ ।

**तपसिलः**

| | |
|---|---|
| राय, सुझाव, पृष्ठपोषण तथा प्रतिक्रिया उपलब्ध गराउने ठेगाना | नेपाल राष्ट्र बैंक<br>केन्द्रीय कार्यालय<br>विदेशी विनिमय व्यवस्थापन विभाग<br>बालुवाटार, काठमाडौं ।<br>इमेलः fxmd_policy@nrb.org.np |
| राय, सुझाव, पृष्ठपोषण तथा प्रतिक्रिया उपलब्ध गराउने समयसीमा | मिति २०८१ जेठ ३ गतेभित्र । |

***

Draft for Consultation